# नर्सिङ क्याम्पसमा बिएससी नर्सिङ

विराटनगर, २७ साउन (हाम्रोमत)- विराटनगर नर्सिङ क्याम्पसमा अब बिएससी नर्सिङ विषय पनि पढाइ हुने भएको छ। त्रिभुवन विश्वविद्यालय चिकित्शाशास्त्र अध्ययन संस्थान अन्तर्गतको विराटनगर नर्सिङ क्याम्पस विराटनगरले यसअघि पिसिएल नर्सिङ र बिएनएस विषयको मात्र अध्यापन गराउँदै आएको थियो। शैक्षिक सत्र २०७६-७७ देखि चिकित्शा शिक्षा आयोगले पिसिएल फेजआउट गरेकोमा शैक्षिकसत्र २०७७-७८ देखि क्याम्पसमा बिएससी नर्सिङ पनि पढाइ हुने भएको हो।

त्रिभुवन विश्वविद्यालयको प्रदेश नम्बर १ मा रहेको त्रिभुवन विश्वविद्यालय चिकित्शाशास्त्र अध्ययन संस्थानको एक मात्र आंगिक क्याम्पस विराटनगर नर्सिङ क्याम्पसमा विगतदेखि हालसम्म स्नातक तह ब्याचलर नर्सिङ साइन्स (बिएनएस) मा २५ जना विद्यार्थी भर्ना भई नियमित रुपमा अध्ययन अध्यापन भइरहेको छ। चिकित्शा शिक्षा आयोग कार्यकारी समितिको मिति साउन १७ गतेको निर्णय अनुसार बिएससी नर्सिङतर्फ ४० जना र बिएनएसतर्फ २५ जना विद्यार्थीहरुका लागि सिट निर्धारण भएको क्याम्पस प्रमुख मेनुका भण्डारीले जानकारी दिइन्।

बिएससी नर्सिङमा ४० र बिएनएसमा २५ गरी ६५ सिट निर्धारण गरेकोले प्रदेशलगायत मुलुक भरका विद्यार्थीहरुले अब सस्तो तथा सहज रूपमा शिक्षा पाउने भएका छन्। त्रिविको यस क्षेत्रको एकमात्र आंगिक नर्सिङ्ग क्याम्पसमा थप कार्यक्रम स्वीकृत भएपश्चात यस क्षेत्रको स्वास्थ्य क्षेत्रमा अझ टेवा पुग्ने क्याम्पस प्रमुख भण्डारीको विश्वास रहेको छ।

# ज्येष्ठ नागरिकलाई फलफुल वितरण

विराटनगर, २७ साउन (हाम्रोमत)- नेपालमा लायन्स स्थापना भएको अवसर पारेर लायन्स क्लब विराटनगर इनोभेटिभले विराटनगरस्थित विराटेश्वर वृद्धाश्रममा फलफूल वितरण गरेको छ। नेपालमा लायन्स क्लबको स्थापना भएको दिनलाई लायन्स डे को रूपमा मनाउँदै इनोभेटिभले फलफूलसहित अन्य खाद्य सामग्री वितरण गरेको हो।

कार्यक्रममा दीप प्रज्वलित गरी आश्रममा रहेका ज्येष्ठ नागरिकहरूलाई बिस्कुट, जुस र फलफूल वितरण गरिएको क्लबले जनाएको छ। कार्यक्रममा क्लबकी अध्यक्ष रीता पोखरेल रेग्मी, समृद्धि नेपालकी अध्यक्ष माया ओझालगायतले ज्येष्ठ नागरिकलाई फलफूल वितरण गरेका थिए।

लायन्स दिवसका अवसरमा अन्य क्लबहरुले पनि विभिन्न सामाजिक कार्य गरिरहेका छन्। पूर्वप्रधानमन्त्री मात्रृकाप्रसाद कोइरालाले अगस्त ९ का दिन नेपालमा लायन्स क्लब स्थापना गरेको बताइएको छ। अन्तर्राष्ट्रिय सञ्जाल भएको यो परोपकारी सामाजिक संस्था हो।

# लुम्बिनीमा पोखरेल आउट, केसी इन

♦ हाम्रोमत संवाददाता

*काठमाडौं, २७ साउन*

आफूविरुद्धको अविश्वास प्रस्ताव छलफल गर्न आह्वान गरिएको प्रदेशसभा बैठक सुरु हुनु अगाडि नै लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखरेलले पदबाट राजीनामा दिएका छन्।

प्रदेशसभाको विशेष अधिवेशनमा अविश्वास प्रस्ताव पेस हुनुअघि नै पोखरेलले बुधबार दिउँसो प्रदेशप्रमुख अमिक शेरचनलाई राजीनामापत्र बुझाएका थिए। पोखरेलले बुधबार दिउँसो प्रदेश प्रमुखलाई भेटेर राजीनामा बुझाएको भएपनि त्यसको जानकारी प्रदेशसभामा पेश नआएको कारण बैठकमा अविश्वास प्रस्ताव पेश भई त्यसमाथि छलफल भएको थियो। त्यसपछि बसेको दोस्रो बैठकमा उनको राजिनामा स्वीकृत भएको जानकारी गराइएको थियो।

अल्पमतमा भएपनि तत्कालिन प्रदेश प्रमुखसँको मिलेमतोमा संविधानको धारा १६८ को १ बमोजिम एमालेको एकल बहुमतको मुख्यमन्त्री बनेका पोखरेलले अल्पमतमा भएपनि राजिनामा दिन मानेका थिएनन्। तर, संघीय सरकार परिवर्तनसँगै नयाँ प्रदेश प्रमुख नियुक्त भएपछि प्रतिकुल अवस्थामा रहेका उनले अविश्वास प्रस्ताव सामना गर्नुको साटो रानिजामा दिएका हुन्।

सरकार अल्मतमा रहेको भन्दै विपक्षी गठबन्धनले मुख्यमन्त्रीविरुद्ध साउन १९ गते अविश्वास प्रस्ताव दर्ता गराएको थियो। विपक्षी दलका ३४ प्रदेशसभा सदस्यको समावेदनअनुसार प्रदेशप्रमुख शेरचनले बुधबार दिउँसो १ बजेका लागि प्रदेशसभाको विशेष अधिवेशन आह्वान गरेका थिए।,

प्रदेशप्रमुख शेरचनले संविधानविपरीत विशेष अधिवेशन आह्वान गरेको भन्दै प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री लीला गिरीले अधिवेशन फिर्ताको माग राखी सर्वोच्च अदालतमा सोमबार रिट दायर गरेकोमा त्यसको सुनुवाई चलिरहेको बेला पोखरेलले राजीनामा दिएका हुन्। विपक्षी गठबन्धनले नेकपा माओवादी केन्द्रका नेता कुलप्रसाद केसीलाई मुख्यमन्त्री प्रस्ताव गरेको छ।

माओवादी केन्द्रका प्रमुख सचेतक तुलाराम घर्तीले अब नयाँ सरकार गठनको आह्वान भएकोले प्रदेश प्रमुखकोमा जाने बताएका छन्। प्रदेश प्रमुख अमिक शेरचनले बिहीबार अपरान्ह ३ बजेसम्म मुख्यमन्त्रीको दावी पेश गर्न दलहरुलाई आह्वान गरेका छन्। ८७ सदस्यीय लुम्बिनी प्रदेशसभामा अहिले ८० सदस्य छन्।

तीमध्ये सभामुखसहित विपक्षी गठबन्धनमा ४२ र नेकपा एमालेमा ३८ जना छन्। पार्टीको निर्णयविपरीत सरकारमा सहभागी भएको भन्दै कारबाहीमा परेका जसपाका तीन मन्त्रीमध्ये भौतिक पूर्वाधार विकासमन्त्री सन्तोष पाण्डेयले पनि मंगलबार राजीनामा दिएका थिए।

# स्कोडा कुशाक बजारमा

♦ राकेश कर्ण

*विराटनगर, २७ साउन*

विराटनगरस्थित सुपेरियर मोटर्सले स्कोडाको नयाँ एसयुभी 'कुशाक' बजारमा ल्याएको छ। मोटर्सले बुधबारदेखि रोबस्ट र मस्कुलर डिजाईनको एसयुभी बजारमा ल्याएको हो। मोटर्सको पिपल चौकस्थित सोरुममा एक कार्यक्रमको आयोजना गर्दै उक्त एसयुभी सार्वजनिक गरिएको छ। एसयुभीको सुरुवाती मुल्य ४९ लाख ९० हजार रुपैयाँ कायम गरिएको छ।

एक्टिभ, एम्बिसन र स्टाईल गरी ३ भेरियन्टमा उपलब्ध रहेको उक्त एसयुभी पाँच कलरमा उपलब्ध हुने सुपेरियर मोर्टसले जनाएको छ। मोटर्सका अनुसार एसयुभीको एम्बिसनको मूल्य ५३ लाख ९० हजार र स्टाईलको मूल्य ६० लाख ९० हजार निर्धारण गरिएको छ। ड्राइभिङलाई सहज बनाउन यसमा धेरै वटा 'सिम्प्ली क्लेभर' फिचर राखिएका छन्। यसमा कैयौं एक्टिभ र प्यासिभ सेफ्टी फिचर्सहरु समेत समावेश गरिएका छन्। स्कोडाको आधिकारिक बिक्रेता एमएडब्लु अटोमोबाइल्सले साउन दोश्रो साता यो एसयुभी नेपाल भित्रयाएको हो।

स्कोडा कुशाकमा आरामदायी इन्टेरियर डिजाईन दिईएको छ। यसको बिचमा फ्रि-स्ट्यान्डिङ इन्फोटेन्मेन्ट टचस्क्रिन र टु-स्पोट मल्टिफङ्क्सन स्टेरिङ छ। यसको बुट क्षमता ३८५ लिटर हो जसलाई पछाडीको सिट फोल्ड गरेर १४०५ लिटरसम्म बनाउन सकिन्छ। एम्बिसन भेरियन्टदेखि कुशाकमा एम्बियन्ट लाइटिङ छ जसले ड्यासबोर्ड र डोर हेन्डललाई समेत उज्यालो बनाईदिन्छ। त्यसैगरी, यसको डोर हेन्डल, ह्यान्ड लकिङ बटन र एअर भेन्टहरु समेत क्रोम-प्लेटेड रहेका सुपेरियर मोर्टसका सञ्चालक शशीमोहन सिन्हाले बताए।




नयाँ कुशाकमा अत्याधुनिक र इफिसेन्ट टिएसआई ईन्जिन राखिएको छ। जसले इन्टरनेशनल इन्जिन अफ द इयर अवार्ड समेत हाँसिल गरिसकेको छ। जसले डाइरेक्ट इन्जेक्सन पेट्रोल इन्जिनले इन्धन खपतलाई न्युन बनाउन सहयोग गर्ने कम्पनीले जनाएको छ। नयाँ कुशाक दुई आधुनिक इन्फोटेन्मेन्ट सिस्टमको अप्सनसहित बजारमा उपलब्ध रहेको सुपेरियर मोटर्सका बजार व्यवस्थापक रुपक घिमिरेले बताए। 'यी दुवैले स्मार्टलिङ्क टेक्नोलोजी मार्फत स्मार्टफोनसँग कनेक्ट गर्छ,' उनले भने, 'एम्बिसन र स्टाइल ट्रिममा २५.४ सेन्टिमिटरको टचस्क्रिन छ भने एक्टिममा १७.७८ सेन्टिमिटरको टचस्क्रिन छ।'

कुशाक भने इलेक्ट्रोनिक स्ट्याबिलिटी कन्ट्रोल स्ट्यान्डर्ड भएको सेग्मेन्टकै पहिलो एसयुभी हो। यसमा रोल ओभर मिटिगेसन र मल्टि कोलिजन ब्रेकिङ पनि रहेको छ। यसमा रहेको हिल होल्ड कन्ट्रोल र टायर मनिटरिङ सिस्टमले यात्रालाई आरामदायी बनाउँछ। ६ वटा एअर ब्याग र सबै पाँच सिटका लागि थ्रि प्वाइन्ट सिट बेल्ट र हाइट एड्जस्टेबल हेडरेस्टको सुविधा समेत यसमा संलग्न रहेको जनाइएको छ।

# विद्यार्थीलाई अरनिकोको सम्मान

विराटनगर, २७ साउन (हाम्रोमत)- विराटनगर-१० तीनटोलियास्थित अरनीको उच्च माविले पूर्ण रूपमा छात्रवृत्तिमा नाम निकाल्न सफल हुने ३० जना विद्यार्थीलाई सम्मान गरेको छ। उच्च मावि परिसरमा बुधबार एक कार्यक्रम आयोजना गरि एमबिबिएस, बीएसी नर्सिङ्ग, इन्जिनियरिङ्ग, कृषि तथा वनविज्ञान संकायमा पूर्ण छात्रवृतिमा नाम निकाल्ने विद्यार्थीलाई नगदसहित सम्मान गरिएको हो।

उच्च माविले एमबिबिएस र बिडिएसतर्फमा १९ जना, इन्जिनियरिङ्गतर्फ ५ जना, कृषि तथा वनविज्ञान संकायतर्फ ४ जना र नेथमतर्फ २ जना गरि जम्मा ३० जना विद्यार्थीले पूर्ण रूपमा छात्रवृत्तिमा नाम निकालेको जनाएको छ। उनीहरुलाई नगद ५ हजार रुपैयाँको साथै कदर पत्रले सम्मान गरिएको छ। एमबिबिएस तथा बिडिएसतर्फ पूर्ण छात्रवृत्तिमा नाम निकाल्ने विद्यार्थीहरूमा सागर मण्डल, उत्सा मुल्मी, रुपेश चौरसिया, आदित्य रिमाल, आरिफ खान, आस्मा शर्मा, प्रज्वल खनाल, आभाष गौतम, आयूष निरौला, समिर प्रसाइ, हेमा इसार, सार्थक ढुंगना, कृष्ण मण्डल, प्रतिष्ठा रेग्मी, भिक्टर माखिम, आरती कुमारी दास, कुसम साह, पुनम साह, बिवेक कुमार मण्डल, रिया बस्नेत रहेका छन्। यस्तै इन्जिनियरिङतर्फ हेमन्त पञ्चारिया, सन्तोष कुमार साह, एलिना पराजुली, महमद अनवर मन्सुरी र अतुल कर्ण रहेका छन्। यसैगरि कृषि तथा वन विज्ञान संकायतर्फ गौरी शंकर गुप्ता, प्रार्थना सिलवाल, निरज मण्डल र देव कुमार महतो तथा नाथमतर्फ एल्सन राई र श्रृती राजवंशी रहेको उच्च माविले जनाएको छ।

विद्यार्थीहरूलाई उच्च माविका प्रिन्सिपल राजेश कार्की, अध्यक्ष लक्ष्मी अधिकारी, संस्थापक संचालकहरूमा विकास



खनाल, निलम अधिकारी, शैलेन्द्र झा, विलास लुइटेल र डा. भबेन्द्र निरौलाले सम्मान गरेका थिए। कार्यक्रममा एमबीबीएसमा नाम निकाल्ने विद्यार्थी सागर मण्डल, उत्सा मुल्मी र आदित्य रिमालले लगनशिल भएर अध्ययन गर्दा सफलता मिलेको बताए। अरनीकोमा शिक्षकहरुले गुणस्तरीय शिक्षा दिएको कारणले गर्दा अहिले हामीले सफलता पाएको उनीहरुको भनाई थियो। कार्यक्रममा बोल्दै अरनीको उच्च माविका प्रिन्सिपल कार्कीले गुणस्तीय शिक्षा दिन सधै लागिपरेको कारण विद्यार्थीले सफलता पाएको बताए।

## पहिलो पृष्ठबाट बाँकी

### महिला...

गर्भको जटिलताले आमाको स्वास्थ्यमा मात्र होइन गर्भको बच्चामा पनि प्रतिकुल असर गर्ने बताउँदै डा. साहले भने 'यस्ता बच्चाहरु कम तौलका हुने, राम्रो शारिरिक विकास नहुने तथा कन्जेनाईटल डिफेक्ट (जन्मपुर्व नै खराबी) हुने सम्भावना बढी हुन्छ।'

प्रदेश १ का १४ वटै जिल्लाहरुमध्ये हरेक जिल्लामा बालविवाहको समस्या छ। मोरङ, संखुवासभा, ताप्लेजुङ, झापा जस्ता जिल्लामा उमेरै नपुगी बिहे हुने क्रम धेरै रहेको सामाजिक विकास मन्त्रालयको तथ्यांकले देखाउँछ। उमेर नपुगी हुने विवाहका अधिकांश घटनामा प्रेम सम्बन्ध मुख्य कारण देखिन्छ। यसबाहेक तराईमा दहेजको समस्या, गरिबीले पनि काम गरेको देखिन्छ।

प्रविधिको विकास, बढ्दो शैक्षिक चेतना र बढ्दो खुलापनले कलिलै उमेरमा प्रेम सम्बन्ध स्थापित हुने र त्यही सम्बन्धले उमेरै नपुगी विवाहको रुप लिने गरेको समाजशास्त्रका अध्येताहरु बताउँछन्। 'किशोरकिशोरीहरुको प्रेम सम्बन्धलाई अभिभावकले सकारात्मक रुपमा ग्रहण नगरिदिँदा पनि कलिलैमा भागेर बिहे गर्ने चलन बढेको छ' समाजशास्त्रका विद्यार्थी चेतराज कट्टेल भन्छन् 'यदि अभिभावकले छोराछोरीको प्रेम सम्बन्धलाई सहज रुपमा लिने मात्रै हो भने पनि कलिलैमा बिहे गर्ने क्रम घट्छ।'

जटिलतै जटिलता

कलिलैमा हुने बिहेले निम्त्याउने स्वास्थ्य जटिलताका बहुआयामिक पाटा छन्। पाठेघरको मुखको क्यान्सर पछिल्लो समयमा धेरै महिलाको ज्यान लिने प्रमुख कारण बनिरहेको छ। अनुसन्धानले देखाएको छ, सानै उमेरमा धेरै सन्तान जन्माउँदा र असुरक्षित यौन सम्पर्कले यो रोगको जोखिम बढाइरहेको छ। बेलैमा उपचार गरे निको हुने यो समस्यालाई धेरै महिलाले लुकाएर राख्दा पनि जोखिम उच्च भइरहेको चिकित्सकहरुको भनाइ छ।

कलिलो उमेरमा धेरै सन्तान जन्माउँदा र असुरक्षित यौन सम्पर्क गर्दा 'पापिलोमा' भन्ने भाइरसका कारण पाठेघरको मुखको क्यान्सर बढी हुने देखिएको अनुसन्धानमा संलग्न चिकित्सकले बताएका छन्। ज्यानमारा रोग पाठेघरको मुखको क्यान्सरका कारण वार्षिक रुपमा विश्वमा करिब २ देखि ३ लाख महिलाले ज्यान गुमाइरहेका छन्। यसबाट हुने मृत्युदर नेपालमा पनि उच्च छ। पूर्वमा यसको समस्या झनै बढी देखिएको छ।

महिला प्रजनन अंगको क्यान्सर उपचार शल्यक्रिया विशेषज्ञ डा.पप्पु रिजालका अनुसार विश्वमै महिलाहरुमा हुने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो स्थानमा पर्दछ। ज्यान गुमाउनेहरुमा करिव ८० प्रतिशतभन्दा बढी एशिया र अफ्रिकाका मात्रै छन्। पछिल्लो १० देखि १५ वर्ष भित्रमा विकसित राष्ट्रहरुमा यस प्रकृतिको क्यान्सरबाट हुने मृत्युदरमा निकै कमी आएको छ। मृत्युदरमा कमी आउनुको मुख्यः कारण त्यहाँको स्वास्थ्य प्रणाली प्रभावकारी बन्नु, महिलाहरुले आफ्नो स्वास्थ्यप्रति ख्याल गर्नु र स्वास्थ्य सम्बन्धी जनचेतना नै भएको अनुसन्धानमा संलग्न चिकित्सकको ठहर छ।

डा. रिजालका अनुसार विशेष गरी ३५ देखि ४५ र ६० देखि ६५ वर्ष दुई उमेर समुहमा बढी मात्रामा देखिएको अनुसन्धानका क्रममा पुष्टि भएको छ। प्रि क्यान्सर सिआइएन १ र २ र ३ र क्यान्सर गरेर दुई अवस्थाको हुने गरेको छ। सामान्य अवस्थामा प्रि क्यान्सर क्यान्सर अवस्थासम्म पुग्न १० देखि १५ वर्षसम्म लाग्ने विज्ञहरुको भनाइ छ। प्रि क्यान्सर सिआइएन १ र २ र ३ अवस्थामा रोग पत्ता लागेमा एलइइपी क्राइथेरापी जस्ता सरल पद्दतिबाट उपचार गर्न सकिने उनीहरुको भनाइ छ।

### किशोरी...

हत्याका विषयमा अहिले प्रहरीले गम्भीर ढङ्गबाट अनुसन्धान सुरु गरेकोले केही समयभित्रै सत्यतथ्य बाहिर ल्याउने जनाएको छ।

उनको अनुहारमा एसिडजस्तो प्रज्ज्वलनशील पदार्थ छर्किएर जलाएको देखिन्छ। कृशला जनता माध्यमिक विद्यालय चुहाडेबाट गत एसईईको परीक्षामा उत्तीर्ण भएकी थिइन्।

हत्या विषयमा तथ्य कुरा र हत्यारा पत्ता लगाउन शव र शरीरका अन्य भागको समेत फोरेन्सिक परीक्षणका लागि स्वास्थ्य प्रयोगशाला पठाइएको प्रहरीले बताएको छ। हत्यामा संलग्न अरु चाँडै पक्राउ पर्ने र केही व्यक्तिलाई अनुसन्धान दायरामा ल्याएको प्रहरीले जनाएको छ।

### एमालेका...

कोरोना कोषमा राखेको पैसाको हिसाब सांसदले माग्दा समेत नदिने सरकारले सरकारी बजेटमा भ्रष्टाचार गरेर मात्र नपुगेर कोषको रकम पनि निजी सुविधामा प्रयोग गरेकोमा नेता कार्कीले आक्रोश पोखे। प्रदेश सरकारले बनाएको भनिएको कोशी कोभिड अस्पताल बन्द हुँदा सर्वसाधारणले लाखौं खर्चेर निजी अस्पतालमा उपचार गर्न बाध्य भएको भन्दै कार्कीले सरकारको ध्यानाकर्षण गराए। भूमि आयोग खारेज भएको विषयमा नेकपा एमालेका सांसदहरुले चर्को रुपमा बोलेको भन्दै प्रमुख सचेतक कार्कीले बुढिगंगा गाउँपालिकामा पर्ने सिसवनी बडहरामा ओली सरकारले जग्गाबिनाको लालपूर्जा बाँडेको आरोप लगाए। लालबाबु पण्डितले हस्ताक्षर गरेर ४०० परिवारको नाममा बाँडेको लालपूर्जाधनीहरुले जग्गा नपाएको भन्दै उनले गरिबको भावनामा खेल्ने काम बन्द गर्न चेतावनी दिए। संघीय सरकारमा फेरबदल भएपछि विगतको सरकारले गरेको, यति ओम्नी, गिरीबन्धु टि स्टेट, ७० करोडको घटान आदि विषयमा छानविन हुने र लेनदेन गरेको विषय खुल्ने त्रासले अरिंगालहरु भुन्भुनाउन थालेको भन्दै कार्कीले कटाक्ष गरे।

## एभरेष्टले कोटाभन्दा बढी विद्यार्थी भर्ना नलिने

विराटनगर, २७ साउन (हाम्रोमत)- विराटनगर- ५ स्थित एभरेष्ट कलेजले निर्धारित कोटाभन्दा धेरै विद्यार्थी भर्ना नलिने भएको छ।

उच्च विद्यार्थी संख्याभन्दा गुणस्तरीय शिक्षालाई प्राथमिकता दिने उद्देश्य बोकेको एभरेष्टले निश्चित संख्यामा मात्र विद्यार्थी भर्ना लिने रणनीति अपनाएको हो। विज्ञान, व्यवस्थापन, कानून र होटल व्यवस्थापन (होटल म्यानेज्मेन्ट)मा जम्मा ४२० जना मात्र विद्यार्थीलाई कक्षा ११ मा भर्ना लिने भएको छ। कलेजका प्रिन्सिपल टिकाराम पुरीले विद्यार्थीको संख्या बढाउने भन्दा शैक्षिक गुणस्तर बढाउने योजना रहेको बताए।

एउटा कक्षामा ३५ जना मात्र विद्यार्थीलाई अध्यापन गराउने एभरेष्टले विज्ञान संकायका लागि २४५ जना मात्र विद्यार्थीलाई कक्षा ११ मा भर्ना लिने जनाएको छ। यस्तै व्यवस्थापन संकायमा १०५ र कानुन तथा होटल व्यवस्थापन संकायमा ३५/३५ जनालाई मात्र भर्ना लिने एभरेष्टले जनाएको छ। अहिलेसम्म ८२३ जना विद्यार्थीले प्रवेश परिक्षा दिइसकेका छन्। तीमध्ये उत्तिर्ण भएका ५१ जना विद्यार्थीले व्यवस्थापनतर्फ र विज्ञानतर्फ ११५ जनाले कक्षा ११ का लागि भर्ना गरिसकेको कलेज प्रशासनले जानकारी दिएको छ।

एभरेष्टमा अध्ययन गर्न चाहने र अनलाईन फारम भरेका विद्यार्थीका लागि अन्तिम पटक साउन २९ गते प्रवेश परिक्षा लिइने कलेजले जनाएको छ। अनलाईनका माध्यमबाट लिइने प्रवेश परिक्षा २९ गते विहान ९ बजेदेखि सञ्चालन हुनेछ। विश्वस्तरीय भौतिक संरचना र विश्वस्तरीय शिक्षण सिकाई को अवधारणालाई आत्मसाथ गर्दै आएको एभरेष्टले गरेको भौतिक संरचना निर्माणमा गरेको लगानी र शैक्षिक वातावरणका कारण पछिल्लो समय अभिभावक र विद्यार्थीको पहिलो रोजाई बनेको छ।










